धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ९० ◆ २०८३ असोज ३० शुक्रबार ◆ Friday, October 16, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## डेढगाउँ जोड्ने कालीगण्डकीको पुल सञ्चालन

❑ *प्रत्यूष समाचारदाता*

दमौली । कालीगण्डकी नदीमा आएको बाढीले पहुँचसडक बगाएको घिरिङ र डेढगाउँ जोड्ने पक्की पुल १८ दिनपछि सञ्चालनमा आएको छ।

तनहुँको घिरिङ गाउँपालिका र नवलपुरको बौदीकाली गाउँपालिकाको डेढगाउँ जोड्ने कालीगण्डकी नदीको पक्की पुलको दुवैतर्फको पहुँच सडक यही असोज ११ गतेको बाढीले बगाएको थियो।

नवलपुरतर्फको अस्थायी पहुँच सडक गत साता नै निर्माण गरिएको भए पनि तनहुँतर्फको सडक भने बुधबार सम्पन्न भएको हो। दुवैतर्फको पहुँच सडक निर्माण भएपछि कालीगण्डकी पुलबाट बुधबारदेखि नै सवारीसाधन सञ्चालनमा आएको घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले जानकारी दिनुभयो। उक्त पुलको घिरिङतर्फको पहुँच सडक मर्मत कार्य सडक डिभिजन कार्यालय, तनहुँको आर्थिक तथा प्राविधिक सहयोगमा सिद्धबाबा निर्माण सेवा, स्याङ्जाले युनिट रेट सम्झौतामार्फत काम गरेको थियो। पुल पुनः सञ्चालनमा आएसँगै घिरिङबाट कालीगण्डकी करिडोर हुँदै नवलपुर, पाल्पा, स्याङ्जा, चितवन लगायत स्थानमा आवतजावत सहज हुनाका साथै स्थानीय नागरिक, यात्रु तथा मालसामान ढुवानीमा पनि राहत पुग्ने अपेक्षा गरिएको छ। करिब १२ वर्षअघि निर्माण गरिएको उक्त फलामे पुल गैँडाकोट-पिपलडाँडा जोड्ने कालीगण्डकी करिडोर नजिकै पर्छ। पोखरा, गैँडाकोट र रामपुर क्षेत्र ओहोरदोहोर गर्ने मुख्य नाका मानिने यो पुलको पहुँच मार्ग नबन्दा दैनिक हजारौँ यात्रु तथा सयौँ सवारीसाधन अलपत्र परेका थिए। गाउँपालिकाका अध्यक्ष थापाले पुल सञ्चालनमा आएसँगै दसैँको बेलामा नागरिकलाई राहत मिलेको बताउनुभयो।

## परराष्ट्रमन्त्रीसँग इन्डोनेसियाका गैरआवासीय राजदूत लिस्टयोवतीको शिष्टाचार भेटवार्ता

काठमाडौँ। परराष्ट्रमन्त्री शिशिर खनालसँग इन्डोनेसियाका गैर आवासीय राजदूत लिस्टयोवतीले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

मन्त्रालयमा बिहीबार भएको भेटवार्ता मन्त्री खनालले नेपालका लागि इन्डोनेसियाको गैरआवासीय राजदूतका रूपमा नियुक्त हुनुभएकामा राजदूत लिस्टयोवतीलाई बधाई दिँदै उहाँको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नुभयो।



भेटका अवसरमा दुवै पक्षले नेपाल र इन्डोनेसियाबीच रहिआएको मैत्रीपूर्ण द्विपक्षीय सम्बन्ध तथा सहयोगलाई थप सुदृढ बनाउने विषयमा छलफल गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

## इम्युनोसप्रेसेन्टको बिक्रीवितरणमा रोक छैन

काठमाडौँ। औषधि व्यवस्था विभागले इम्युनोसप्रेसेन्ट (शरीरको रोग प्रतिरोधात्मक क्षमता लाई कम गर्ने वा दबाउने औषधि) वर्गका औषधिको बजारमा बिक्रीवितरण तथा प्रयोगमा कुनै रोक नलगाइएको स्पष्ट पारेको छ।

बिरामीलाई चिकित्सकको परामर्शअनुसार बजारमा उपलब्ध औषधि नियमित सेवन गर्न आग्रह गर्दै औषधिको अभाव हुने वा बजारमा रहेका औषधिको बिक्रीवितरण बन्द गरिएको भन्ने भ्रामक समाचारको पछि नलाग्न अनुरोध गरेको हो।

विभागले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै तोकिएको समयभित्र जोखिम मूल्याङ्कनसम्बन्धी कागजात पेस नगरेका वा निर्धारित मापदण्ड पूरा नगरेका ४७ किसिमका (ब्राण्ड)का औषधिको नयाँ उत्पादन तथा आयातमा रोक लगाइएको जनाएको हो। ती औषधिका दर्ता प्रमाणपत्रसमेत खारेज हुने भए पनि यसअघि नै बजारमा भित्रिसकेका वा बिक्री वितरणमा रहेका औषधिको बिक्री तथा प्रयोगमा भने कुनै प्रतिबन्ध नरहेको विभागले स्पष्ट पारेको छ।

अङ्ग प्रत्यारोपण गरेका तथा दीर्घकालीन रोग भएका बिरामीले नियमित सेवन गर्नुपर्ने औषधिको आपूर्तिमा अभाव हुन नदिन विभाग प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख छ। विभागका अनुसार औषधिको गुणस्तर र सुरक्षालाई सुनिश्चित गर्दै एक औषधिको प्रभाव अर्को औषधिमा पर्न सक्ने जोखिम अर्थात् क्रस-कन्टामिनेसन न्यूनीकरण गर्न अन्तरराष्ट्रिय मापदण्डअनुसार आवश्यक व्यवस्था लागू गरिएको हो। जोखिम व्यवस्थापन, सफाइ प्रमाणीकरण, छुट्टै हावा आवतजावत प्रणाली तथा स्वास्थ्यमा आधारित जोखिम सीमा पालना गर्नुपर्ने व्यवस्था गरिएको विभागले जनाएको छ।

# जलवायु वित्तमा अनुदान र प्रत्यक्ष पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ। जलवायु परिवर्तनबाट सिर्जित जोखिम न्यूनीकरण तथा प्रभावित समुदायको संरक्षणका लागि नेपालले जलवायु वित्तमा अनुदान, प्रत्यक्ष पहुँच र क्षेत्रीय सहकार्यलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको छ।

राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिमा विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपालमा परेको गम्भीर क्षति तथा आगामी जलवायु परिवर्तन सम्बन्धी सम्मेलनलगायत अन्तराष्ट्रिय कूटनीतिक प्रवर्द्धनका विषयमा भएको छलफलमा जलवायु न्यायका लागि नेपालको कूटनीतिक प्राथमिकता निर्धारण गर्नुपर्ने विषय उठाइएको हो।

छलफलमा जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए पनि बाढी, पहिरो तथा अन्य चरम मौसमी घटनाका कारण ठूलो मानवीय र आर्थिक क्षति बेहोर्नुपरेको उल्लेख गर्दै जलवायु परिवर्तनका लागि बढी जिम्मेवार पक्षले दायित्व निर्वाह गर्नुपर्नेमा जोड दिइएको थियो। जलवायु परिवर्तन अनुकूलन तथा विपद्पछिको पुनःस्थापनाका लागि प्राप्त हुने वित्तीय सहायता ऋणका रूपमा नभई अनुदानका रूपमा उपलब्ध गराउनुपर्ने विषयलाई प्राथमिकतामा राखिएको छ। ऋणमा आधारित सहायताले मुलुकको सार्वजनिक ऋणको भार बढाउन सक्ने भएकाले प्रभावित देशलाई अनुदान उपलब्ध गराउनुपर्नेमा जोड दिइएको हो।



त्यस्तै, नेपालले मान्यता प्राप्त गरेका राष्ट्रिय संस्थामार्फत जलवायु वित्तमा प्रत्यक्ष पहुँच सुनिश्चित गर्नुपर्ने र उपलब्ध स्रोतलाई प्रभावित समुदायको संरक्षण तथा पुनःस्थापनामा परिचालन गर्नुपर्ने विषय पनि उठाइएको छ। छलफलमा राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव डा चिरञ्जीवीप्रसाद पोखरेलले प्रकृतिमा आधारित पर्यटन विकास मा जोड दिइएको बताउनु भयो। स्थानीय सरकारसँग सहकार्य गरेर संरक्षणका गतिविधि सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो। कोषका कार्यकारी निर्देशक तथा जलवायु परिवर्तन विभागका प्रमुख डा मनिषराज पाण्डेले जलवायु वित्तमा पहुँच विस्तार गर्न कोषले सहयोग पुर्याएको बताउनुभयो। नेपालमा जलवायुजन्य विपद्का घटना बढ्दै गएकाले पूर्वतयारीमा जोड दिनुपर्ने उहाँको भनाइ छ। उहाँले विपद्पछिको पुनर्निर्माणलाई जलवायुमैत्री बनाउन, पूर्वसूचना प्रणालीमा लगानी बढाउन तथा जोखिममा रहेका हिमतालको व्यवस्थापन गर्न आवश्यक रहेको बताउनुभयो।

हिमाली क्षेत्रमा हिमताल विस्फोट, नदीमा बाढी तथा अन्य जलवायुजन्य जोखिम न्यूनीकरणका लागि क्षेत्रीय तथ्याङ्क आदानप्रदान र पूर्वसूचना प्रणालीलाई सुदृढ बनाउनुपर्ने विषय पनि छलफलमा उठाइएको थियो।

## विज्ञापन बोर्डको वार्षिक प्रतिवेदन : डिजिटल विज्ञापन नियमन प्राथमिकतामा

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ। विज्ञापन बजारलाई व्यवस्थित, पारदर्शी र उपभोक्ता मैत्री बनाउन विज्ञापन बोर्डले 'डिजिटल' विज्ञापनको नियमन, सरकारी विज्ञापनको एकद्वार प्रणालीबाट व्यवस्थापन, लोक कल्याणकारी विज्ञापनको समानुपातिक वितरण तथा विज्ञापन सम्बन्धी कानुन सुधार लगायतका विषयलाई प्राथमिकतामा राखेको छ।

बोर्डका अध्यक्ष सन्तोष श्रेष्ठले बुधबार सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना समक्ष पेस गर्नुभएको वार्षिक प्रतिवेदनमा राष्ट्रिय विज्ञापन नीति, २०८३ कार्यान्वयन गर्दै विज्ञापन क्षेत्रको संस्थागत सुदृढीकरण, भ्रामक विज्ञापन नियन्त्रण, विज्ञापन प्रतिष्ठान स्थापनाको तयारी र सेवा प्रवाहलाई पूर्ण रूपमा डिजिटल बनाउने योजना समेटिएको छ।

प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरिएका काम, विज्ञापन बजारको नियमनमा देखिएका चुनौती तथा उपभोक्ता हित संरक्षण र वित्तीय पारदर्शिता अभिवृद्धिका लागि गरिएका प्रयाससमेत उल्लेख छन्। बोर्डको वार्षिक प्रतिवेदनअनुसार मन्त्रिपरिषद्बाट २०८३ असार १८ गते स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको 'राष्ट्रिय विज्ञापन नीति, २०८३' लाई मूल मार्गदर्शन मानेर बोर्डले विज्ञापन बजारको नियमन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने योजना बनाएको छ।

डिजिटल प्रविधि र सामाजिक सञ्जालमार्फत हुने विज्ञापनको तीव्र विस्तारसँगै त्यसको नियमनलाई प्रभावकारी बनाउने बोर्डको प्रमुख योजना रहेको छ। छापा, रेडियो र टेलिभिजनजस्ता परम्परागत सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, चलचित्र प्रदर्शनस्थल तथा सडक र सार्वजनिक स्थानमा राखिने बाह्य विज्ञापनको अनुगमन गर्न प्राविधिक प्रणाली र संस्थागत क्षमता विकास गरिने प्रतिवेदनमा उल्लेख छ।

विशेषगरी सामाजिक सञ्जालमा स्वास्थ्यसम्बन्धी आधारहीन दाबी, वैदेशिक रोजगारीका नाममा प्रलोभन, गैरकानुनी सट्टेबाजी, क्रिप्टोकरेन्सी तथा अन्य भ्रामक विज्ञापनको नियमनलाई थप प्रभावकारी बनाउने योजना बोर्डले अघि सारेको छ। कृत्रिम बौद्धिकता (एआई), डिपफेक र इन्फ्लुएन्सर मार्केटिङ जस्ता नयाँ प्रविधि तथा प्रचारशैली का कारण विज्ञापन नियमन थप जटिल बन्दै गएको प्रतिवेदनमा उल्लेख छ।

बोर्डले राष्ट्रिय विज्ञापन नीतिको मर्मअनुरूप 'विज्ञापन (नियमन गर्ने) ऐन, २०७६' लगायत विज्ञापन क्षेत्रसँग सम्बन्धित अन्य कानुन, नियमावली, कार्यविधि र मापदण्डमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने योजना अघि सारेको छ। विज्ञापन बजारमा विकसित भइरहेका नयाँ प्रविधि, सामाजिक सञ्जालमार्फत हुने प्रचारप्रसार र उपभोक्तालाई भ्रममा पार्ने विज्ञापनका कारण देखिएका चुनौती सम्बोधन गर्न कानुनी व्यवस्थालाई समयसापेक्ष बनाइने प्रतिवेदनमा उल्लेख छ।

## आमा र नवजात शिशुको अधिकार सुनिश्चित गर्न नयाँ निर्देशिका जारी

काठमाडौँ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आमा र नवजात शिशुको अधिकार सुनिश्चित गर्दै स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोग गर्न 'मातृशिशुमैत्री स्वास्थ्य संस्था कार्यक्रम सञ्चालन निर्देशिका, २०८३' जारी गरेको छ।

यसअघि 'स्वास्थ्य संस्थामा मातृशिशुमैत्री सेवा अभियान निर्देशिका, २०७३'का कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नयाँ निर्देशिका जारी गरिएको मन्त्रालयले बिहीबार प्रेस नोटमार्फत जानकारी दिएको छ। नयाँ निर्देशिकाले सुत्केरी र नवजात शिशुका लागि स्वास्थ्य संस्थाले अनिवार्य रूपमा पालना गर्नुपर्ने १०/१० वटा मापदण्ड निर्धारण गरेको छ। अस्पताल तथा स्वास्थ्य संस्थामा मातृशिशुमैत्री सेवा सुनिश्चित गर्दै आमा र नवजात शिशुको स्वास्थ्य, अधिकार र आवश्यकताअनुसार सेवा प्रवाह गर्नु निर्देशिकाको मुख्य उद्देश्य छ।

निर्देशिका अनुसार प्रश्रवका क्रममा आमाले रोजेको परिवारको सदस्यलाई साथमा रहने व्यवस्था गर्नुपर्नेछ। त्यसले प्रश्रवका बेला आमाको मनोबल बढाउने र बच्चाको सुरक्षामा सहयोग पुग्ने अपेक्षा गरिएको छ। त्यस्तै, बच्चा जन्मिएपछि नवजात शिशुलाई आमाबाट अलग नराखी आमाकै बेडमा राख्ने र सकेसम्म छिटो स्तनपान गराउने व्यवस्थालाई प्राथमिकता दिइएको छ। निर्देशिकाले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रीवितरण नियन्त्रण) ऐन २०४९ को प्रभावकारी कार्यान्वयनमा सहयोग गर्दै आमाको दूधको विकल्पका रूपमा प्रयोग हुने वस्तुको बिक्रीवितरण र प्रवर्द्धनलाई नियमन गरी स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोग गर्नेछ।

सुत्केरी र नवजात शिशु स्वास्थ्य संस्थाबाट 'डिस्चार्ज' भएर घर फर्किएपछि पनि उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिने, आवश्यक परामर्श तथा सहयोग उपलब्ध गराउने र सम्भावित समस्याको पहिचान गर्न स्वास्थ्य संस्थामा सम्पर्क व्यक्ति 'फोकल पर्सन' तोक्नुपर्ने व्यवस्था गरिएको छ। निर्देशिकाले स्तनपानका लागि अनुकूल वातावरण निर्माण गर्ने र आमालाई आवश्यक सहयोग उपलब्ध गराउनेछ। त्यस्तै आमा र नवजात शिशुको स्वास्थ्य र सुरक्षालाई प्राथमिकतामा राखेर सेवा प्रवाह गर्नेमा जोड दिएको छ। मातृ तथा नवजात शिशु मैत्री सेवाको निरन्तरता सुनिश्चित गर्दै स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोगलाई थप व्यवस्थित बनाउने लक्ष्य राखिएको छ।

## सम्पादकीय ....

# साइबर सुरक्षामा चुनौती

कम्प्युटर, मोबाइल, इन्टरनेट, डिजिटल सूचना तथा व्यक्तिगत विवरणलाई अनधिकृत पहुँच, चोरी र दुरुपयोगबाट सुरक्षित राख्ने प्रक्रियालाई साइबर सुरक्षा भनिन्छ। साइबर सुरक्षाले हाम्रो व्यक्तिगत जानकारी, आर्थिक कारोबार र महत्वपूर्ण तथ्याङ्कलाई सुरक्षित राख्न मद्दत गर्छ।

पछिल्लो समय साइवर सुरक्षाको विषयमा हाम्रो समाजमा विन्नि खालका चुनौतीहरुको सृजना भईरहेका छन्। साइवसर सुरक्षाका लागि नेपाली समाजमा चिन्ता र चोसो बढ्दै गईरहेको अवस्था छ।

आजको आधुनिक युगमा विज्ञान र प्रविधिको विकाससँगै इन्टरनेट, कम्प्युटर र मोबाइल फोनको प्रयोग बढ्दै गएको छ। मानिसहरूले इन्टरनेटको माध्यमबाट सूचना आदानप्रदान, अनलाइन पढाइ, बैंकिङ कारोबार तथा विभिन्न कामहरू सजिलै गर्न सक्छन्। प्रविधिको बढ्दो प्रयोगसँगै साइबर सुरक्षाका चुनौतीहरू पनि बढ्दै जानु स्वाभाविक पनि हो।

वर्तमान समयमा साइबर सुरक्षासम्बन्धी विभिन्न चुनौतीहरू देखा परेका छन्। ह्याकरहरूले अरूको सामाजिक सञ्जालको खाता ह्याक गर्ने, व्यक्तिगत विवरण चोरी गर्ने र बैंक खाताबाट पैसा चोर्ने जस्ता अपराध गर्न सक्छन्। त्यस्तै, नक्कली वेबसाइट, झुटा सन्देश र प्रलोभन देखाउने लिङ्कमार्फत मानिसहरूलाई ठगी गर्ने घटना पनि बढिरहेका छन्। सामाजिक सञ्जालमा नक्कली खाता बनाएर गलत सूचना फैलाउने, अरूको तस्बिर दुरुपयोग गर्ने तथा अनलाइन दुर्व्यवहार गर्ने कार्य पनि साइबर सुरक्षाका प्रमुख चुनौती हुन्।

यस्ता घटनाबाट व्यक्ति, संस्था तथा राष्ट्रलाई समेत आर्थिक र सामाजिक क्षति पुग्न सक्छ। विशेषगरी प्रविधिबारे पर्याप्त ज्ञान नभएका मानिसहरू यस्ता अपराधको सिकार हुन सक्छन्।

साइबर सुरक्षाका चुनौती कम गर्न बलियो पासवर्ड प्रयोग गर्नुपर्छ र पासवर्ड अरूलाई बताउनु हुँदैन। अपरिचित व्यक्तिले पठाएका लिङ्क तथा फाइल खोल्नु हुँदैन। व्यक्तिगत विवरण, बैंकको गोप्य नम्बर र ओटीपी कसैलाई दिनु हुँदैन। मोबाइल तथा कम्प्युटरमा नियमित रूपमा सुरक्षा अद्यावधिक गर्नुपर्छ। सामाजिक सञ्जाल प्रयोग गर्दा गोपनीयता सेटिङ मिलाउनुपर्छ। साथै, साइबर अपराधसम्बन्धी जनचेतना फैलाउनु र आवश्यक कानुनी कारबाही गर्नु पनि महत्वपूर्ण हुन्छ।

अन्त्यमा, साइबर सुरक्षा आजको डिजिटल युगको महत्त्वपूर्ण आवश्यकता हो। प्रविधिको सही र सुरक्षित प्रयोग गर्न सकेमा साइबर अपराधबाट बच्न सकिन्छ। त्यसैले प्रत्येक नागरिक सचेत, जिम्मेवार र प्रविधिमैत्री बन्न आवश्यक छ। सुरक्षित डिजिटल वातावरण निर्माण गर्नु हामी सबैको साझा जिम्मेवारी हो।

हाम्रा पछिल्लो पुस्तासम्ममा हामीले यो विषयमा जानकार बनाउन सके मात्रै हामीले साईवर अपराधका घटनाका न्यूनिकरणमा समेत जोड दिन सक्छौं अन्यथा नेपाली समाजमा साइबर अपराघका घटनाले पनि निकै आक्रामक रुप लिन सक्छ यसर्थ हामी सबै सचेत बन्नु जरुरी छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# दसैंसँगै बाँचेका गुणबहादुरहरु

*रेणु त्वानावासु*

दसैंको चाडसँगै बाँचेका गुणबहादुरहरुले भक्तपुरको संस्कृतिमा टेवा पुर्याउँदै आएको २५ वर्ष नाघेको छ। दसैं भन्नासाथ मीठोमसिनो खाने, रमाइलो गर्ने भन्ने आउँछ, तर, अरुलाई मीठो खुवाउन व्यापारसँग जोडिएका गुणबहादुरहरु राँगो बिक्रीमा निरन्तर लागि पर्दै आउनुभएको छ।

भक्तपुरमा दसैंको रौनक अलि फरक छ। भोजमा खसीबोका भन्दा राँगाको मासुको विशेष महत्व छ। टोलटोलमा राँगो काट्ने र त्यसको मासु भाग लगाएर घरघरमा लैजाने संस्कृतिकोको पहिचान हो, भक्तपुरको। यस्तै पहिचानले गुणबहादुर बिसुरुवा जस्ता व्यापारीको जीवन धानिरहेको छ। उहाँ यसवर्ष ३० वटा राँगा लिएर व्यापार गर्न भक्तपुर आउनुभएको छ। गुणबहादुरका लागि राँगा बेच्नु केवल दसैंको व्यापार होइन, वर्षौंदेखि जीविको पार्जनको आधार पनि हो।

### पालमुनि बास

भक्तपुरका सन्दर्भमा दसैं होस् या अन्य समय राँगो बेच्ने स्थान हो महेश्वरीस्थान। तर पनि राँगा बेच्न आउने व्यापारीको बसाइँ यहाँ सहज छैन। उहाँहरू राँगा राखिएकै ठाउँमा सडकछेउ पाल टाँगेर जीवन चलाउनुहुन्छ।

### के होला गुणबहादुरहरुको अबको दसैं ?

सबैलाई थाहा छ समय सधैं उस्तै कहाँ रहन्छ र ! कुनै समय दसैं आउनु महिना दिनअघि देखि नै राँगा किन्ने र बेच्नेको भीड लाग्ने भक्तपुरको महेश्वरीस्थानमा अहिले भने पहिलेको जस्तो चहलपहल छैन।

दसैंका लागि राँगा बेच्न आएका व्यापारी ग्राहकको प्रतीक्षामा छन्। दसैंको परम्परासँगै आफ्नो जीविकोपार्जनमा जोडिएका लागि यसपालीको दसैं अपेक्षाभन्दा खल्लो बनेको छ। तर घटस्थापना का दिन महेश्वरीस्थान आइपुग्नु भएका रामबहादुरजस्ता धेरैले दसैं नजिकिँदै गर्दा सोचेजस्तो व्यापार भएको छैन।

पहिलापहिला राँगा किन्न एक महिनाअघिदेखि नै ग्राहक आउँथे। अहिले एक हप्ताअघि मात्रै ल्याउँदा पनि ग्राहक पाउन मुस्किल छ, रामबहादुरले दुःखेसो पोख्नुभयो।

### भविष्य अन्धकार

भक्तपुरमा राँगाको व्यापार घट्नुका पछाडि उपभोगको बदलिँदो शैली, वर्षभरि मासु उपलब्ध हुने अवस्था, गुठीको घट्दो सहभागिता र बजार व्यवस्थापनमा देखिएका कठिनाइ प्रमुख कारणका रूपमा औंल्याएको छ। पहिले दसैंको मासु वर्षभरिका लागि सुकुटी बनाएर राख्ने चलन थियो। अहिले आवश्यक पर्दा बजारबाट मासु किन्न सकिने भएकाले दसैंका लागि धेरै राँगा किन्ने आवश्यकता छैन। अर्कोतर्फ, परम्परागत रूपमा सामूहिक भोज आयोजना गर्ने गुठीको सङ्ख्या वा सक्रियता घट्दा राँगाको माग प्रभावित भएको छ।

यद्यपि भक्तपुरको राँगाको बजार केवल किनबेचको ठाउँ होइन। यो स्थानीय संस्कृति, सामूहिक भोज र पुस्तौँदेखि चलिआएको परम्परासँग जोडिएको बजार हो।

यही बजारमा वर्षौंदेखि व्यापार गर्दै आएका गुणबहादुर बिसुरुवाजस्ता व्यापारीका लागि भने यो जीविकोपार्जनको आधार हो।

बजारमा ग्राहक नदेखिँदा उहाँको आशा अझै पूरा भएको छैन। उहाँको चिन्ता आफ्ना राँगा कहिले बिक्री हुन्छन् भन्नेमा मात्रै सीमित छैन वर्षौंदेखि यही व्यवसायमा टिकेका व्यापारीको भविष्य पनि यससँग जोडिएको छ।

दसैंमा अरूका घरमा मासु भित्रिन्छ, भोज पाक्छ र चाडपर्वको खुसी छाउँछ। तर त्यही खुसीका लागि राँगा बेच्न आएका व्यापारी भने सडकछेउको पालमुनि बसेर आफ्नो व्यापार चल्ने आशा गरिरहेका छन्। उहाँका लागि दसैं कमाइको अवसर हो, परिवारको खर्च जुटाउने समय हो र वर्षौंदेखि अपनाउँदै आएको पेसालाई निरन्तरता दिने आधार हो। भक्तपुरको राँगाको बजारमा घट्दो चहलपहलले एउटा प्रश्न उठाएको छ, परम्परा बदलिँदै जाँदा त्यसैमा निर्भर रहेका व्यापारीको जीविका कसरी जोगिएला ?

### परम्पराले धानेको व्यापार, घट्दै गएको बजार

भक्तपुरको महेश्वरी स्थानमा दसैं सुरु हुनुभन्दा करिब एक साता अघिदेखि राँगाको बजार लाग्छ। चितवन, रामेछाप, वीरगञ्ज, सिन्धुपाल्चोक, गौशाला, भारत, कपिलवस्तु र नेपालगञ्ज लगायत ठाउँबाट व्यापारी राँगा लिएर यहाँ आउँछन्।

यस वर्ष पनि आठदेखि १० वटा समूहमा व्यापारी राँगा बेच्न आएका छन्। भक्तपुरका स्थानीय कृष्णप्रसाद वासीलाई पहिलेको राँगाको बजार अझै सम्झना छ। उहाँका अनुसार कुनै समय दसैंका लागि महेश्वरीस्थानमा तीन हजारभन्दा बढी राँगा बिक्री हुन्थ्यो। अहिले सङ्ख्या घटेर करिब ५०० को हाराहारीमा सीमित छ। पहिला एउटा गुठीले कम्तीमा एउटा राँगो काट्ने चलन थियो। कुनैकुनै गुठीले दुईदेखि तीन वटासम्म काट्थे। "गुठीले एउटा मात्रै काट्छन्, कतिपयले काट्नै छाडेका छन्", उहाँले भन्नुभयो। पहिले दसैंका लागि एकैपटक धेरै मासु किनेर सुकुटी बनाउने चलन थियो।

दसैंमा काटिएको राँगाको मासु विभिन्न परिकार बनाएर खाने र बाँकी मासु सुकाएर राख्ने गरिन्थ्यो। बजारमा वर्षभरि नै मासु उपलब्ध हुन थालेपछि दसैंका लागि एकैपटक धेरै मासु किनेर राख्ने चलन घट्दै गएको स्थानीयको भनाइ छ। यही परिवर्तनले राँगाको बजारमा प्रत्यक्ष असर पारेको छ। पहिले दसैंमा राँगा बेचेर राम्रो आम्दानी गर्ने व्यापारी बिक्री नहुने चिन्तामा छन्। रामेछापका व्यापारी राजन तिमल्सिना पनि यस वर्ष २५ वटा राँगा लिएर भक्तपुर आउनुभएको छ। उहाँले ल्याएका राँगाको मूल्य ६० हजारदेखि रु दुई लाखसम्म पर्छ। दसैंको समयमा राँगा बेचेर खर्च जुटाउने गरेको छु। तर यसपाला बजारमा खासै चहलपहल छैन, उहाँले भन्नुभयो। राँगा किन्ने ग्राहक घट्नुको असर व्यापारीको आम्दानी मा मात्रै सीमित छैन।

बिक्रीका लागि ल्याइएका राँगा लामो समयसम्म राख्नुपर्दा तिनको हेरचाह, दाना र पानीको व्यवस्थापनमा पनि उत्तिकै ध्यान दिनुपर्छ। बिक्री हुने आशामा टाढाटाढाबाट राँगा ल्याएका व्यापारीका लागि ग्राहकको प्रतीक्षा आफैंमा खर्चिलो बनेको छ।

### राँगाको मासुमा स्वाद

भक्तपुरको दसैंलाई राँगाको मासुका परिकारबिना पूर्ण मानिँदैन। यहाँका विभिन्न गुठी तथा समुदायमा सामूहिक भोज गर्ने परम्परा छ। भोजमा राँगाको मासुबाट तयार पारिने अनेक परिकारले विशेष स्थान पाउँछन्। स्थानीयका अनुसार छोयला, दायकला, ख्वायला, सलाख्वा, भुटन र सेकुवाजस्ता परिकार भक्तपुरको परम्परागत भोजका महत्वपूर्ण मासुका परिकार हुन्।

पोलेर बनाइने छोयला, झोल भएको दायकला, पकाएर चिसो बनाइने ख्वायला, मासुको झोलबाट बनाइने पिरो सलाख्वा, भुटन र तेलमा तारेर बनाइने सेकुवाजस्ता परिकारले भोजको स्वाद बढाउँछन्। यी परिकार केबल खानाका विविधता मात्र होइनन्, भक्तपुरको सांस्कृतिक पहिचानसँग जोडिएका छन्।

दसैंमा गुठी तथा समूहले सामूहिक रूपमा राँगो काट्ने र मासु बाँडेर भोज गर्ने परम्पराले समुदायबीचको सम्बन्धलाई पनि निरन्तरता दिँदै आएको छ।

### राँगाको बजार ?

वीरगञ्ज महानगरपालिका क्षेत्रको जितपुरबाट राँगा बेच्न आउनु भएका व्यापारी हली महोमदमियाका अनुसार महेश्वरी स्थानमा राँगा राख्ने परम्परा यहाँ पहिले खुला ठाउँ भएकाले सुरु भएको हो। फराकिलो क्षेत्र र नजिकै खोला भएकाले विभिन्न ठाउँबाट ल्याइएका राँगा यहाँ राख्न सहज थियो। तर अहिले अवस्था फेरिएको छ। वरिपरि बस्ती विस्तार भएको छ। खेलमैदान, सडक र अन्य संरचना बनेका छन्।

नगरपालिकाले विभिन्न क्षेत्रमा पर्खाल लगाएकाले राँगा राख्न पर्याप्त ठाउँ पाउन कठिन भएको व्यापारीहरूको गुनासो छ।

खोलाको किनारमा पर्खाल बनेपछि राँगालाई पानी खुवाउन समस्या हुने गरेको बताउनुहुन्छ। पहिला झण्डै २०० राँगा ल्याएर बेच्थ्यौं। अहिले ३० वटा पनि राख्ने ठाउँ पाउन गाह्रो छ, महोमदमियाँले भन्नुभयो। पहिले महेश्वरीस्थानमा राँगा राखेबापत शुल्क तिर्नुपर्ने व्यवस्था थिएन भने प्रत्येक राँगाको ५० रुपैयाँ तिर्नुपर्छ। शुल्क लिएपछि व्यापारीलाई आवश्यक सुविधा पनि उपलब्ध गराउनुपर्ने उहाँको माग छ। भक्तपुर नगरपालिकाका कर अधिकृत प्रभासकुमार चालिसेका अनुसार महेश्वरीस्थानमा बिक्रीका लागि ल्याइएका प्रत्येक राँगाबापत दैनिक ५० रुपैयाँ शुल्क लिने गरिएको छ।

उहाँका अनुसार दुई वर्षअघि राँगा बोकेर ल्याइएको गाडीका आधारमा प्रतिगाडी ५०० रुपैयाँ शुल्क लिने गरिएको थियो। अहिले भने प्रतिराँगोका आधारमा शुल्क लिइँदै आएको छ।

व्यापारीहरू भने शुल्कसँगै राँगा राख्ने पर्याप्त ठाउँ, पानी र अन्य आधारभूत सुविधा पनि उपलब्ध हुनुपर्ने बताउँछन्। भक्तपुरका स्थानीय दसबहादुर मानन्धरका अनुसार महेश्वरी स्थानमा घटस्थापनादेखि फूलपाती सम्म मुख्य रूपमा राँगाको बजार लाग्छ। फराकिलो ठाउँ र नजिकै खोला भएकाले विगतदेखि नै यहाँ राँगा राख्ने गरिएको उहाँ बताउनु हुन्छ। पहिले भेलुखेलमा पनि राँगा राख्ने चलन थियो। अहिले ठाउँ अभावका कारण महेश्वरीस्थानमै बजार केन्द्रित भएको छ।

## जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- **जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,**
- **बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,**
- **वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,**
- **नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,**
- **वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,**
- **जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,**
- **प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,**
- **जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं।**

**जलवायु परिवर्तनको असरबारे सचेत बनौं।**
**जलवायु-उत्थानशील समाज निर्माण गरौं।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

## पोखरामा मोटरसाइकलको ठक्करबाट दुई जनाको मृत्यु

प्रत्युष समाचारदाता

कास्की । पोखरामा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीसहित दुई जनाको मृत्यु भएको छ । दुर्घटनामा मोटरसाइकल चालक पोखरा महानगरपालिका-१७ निवासी १९ वर्षीय सफलकुमार श्रेष्ठ र लमजुङ घर भई हाल पोखरा-१७ विरौटामा बस्दै आएका ४५ वर्षीय पैदलयात्री कृष्ण कुमालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो ।

उहाँका अनुसार पोखरा-१७ बालोदय चोकस्थित सिद्धार्थ राजमार्गको पोखरा-बुटवल सडक खण्डमा विरौटाबाट छोरेपाटनतर्फ जाँदै गरेको ग१४प ४८७९ नम्बरको मोटरसाइकलले बिहीबार बिहान बाटो काट्दै गरेका पैदलयात्रीलाई ठक्कर दिएको थियो । त्यसपछि अनियन्त्रित भएको मोटरसाइकल सडकको बीचमा रहेको डिभाइडरमा ठोकिएको जनाउँदै प्रहरी नायव उपरीक्षक पासवानले बताउनुभयो । घटनापछि स्थानीय र प्रहरीले उद्धार गरी दुवै जनालाई उपचारका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल लगेकामा उपचार का क्रममा चिकित्सकले मृत घोषणा गरेका उहाँले जानकारी दिनुभयो । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## टरिगाउँ र रारा विमानस्थल विस्तारका लागि अध्ययन अघि बढाउन निर्देशन

काठमाडौँ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेलले दाङको टरिगाउँ र मुगुको रारा विमानस्थलको विकास तथा विस्तारसम्बन्धी अध्ययन प्रक्रिया अघि बढाउन नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई निर्देशन दिनुभएको छ ।

दुवै विमानस्थलको हालै निरीक्षण तथा अवलोकन भ्रमण गर्नुभएका मन्त्री पौडेलले बिहीबार मन्त्रालयमा क्यानका पदाधिकारीसँग छलफल गरी आवश्यक अध्ययन प्रक्रिया अघि बढाउन निर्देशन दिनुभएको हो । क्यानका अनुसार मन्त्री पौडेलको नेतृत्वमा प्राधिकरण तथा नागरिक उड्डयन क्षेत्रसँग सम्बन्धित पदाधिकारीहरूको सहभागितामा गत असोज २१ देखि २६ गतेसम्म नेपालगञ्ज, दाङ, रारा र जुम्ला विमानस्थलको निरीक्षण तथा अवलोकन भ्रमण गरिएको थियो ।

भ्रमणका क्रममा ती विमानस्थलको दीर्घकालीन विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार, प्राविधिक सम्भाव्यता, सञ्चालन क्षमता अभिवृद्धि तथा सेवा प्रभावकारी बनाउने उपायबारे विस्तृत अध्ययन गर्न निर्देशन दिइएको हो । क्यानका महानिर्देशक मुकेश डङ्गोलका अनुसार दाङको टरिगाउँ विमानस्थलको विकास तथा विस्तारका सम्भावनाबारे अध्ययन गरी हवाई यातायात सेवालाई थप सुलभ, सहज र प्रभावकारी बनाउने लक्ष्य राखिएको छ । यसबाट पर्यटन प्रवर्द्धन तथा क्षेत्रीय विकासमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

हाल सञ्चालनमा रहेको विमानस्थलको स्तरोन्नति तथा विस्तार गर्न सकिने सम्भावनाको अध्ययन गरिने महानिर्देशक डङ्गोलले बताउनुभयो । उहाँका अनुसार आवश्यकता अनुसार वैकल्पिक स्थानमा नयाँ विमानस्थल निर्माण गर्न सकिने सम्भावनाबारे समेत प्राविधिक तथा सम्भाव्यता अध्ययन गर्न मन्त्री पौडेलले निर्देशन दिनुभएको छ । दुवै विमानस्थलको विकासका लागि आवश्यक पर्ने प्राविधिक अध्ययन, सम्भाव्यता विश्लेषण, पूर्वाधारको आवश्यकता पहिचान तथा आगामी कार्ययोजना निर्माणलाई प्राथमिकताका साथ अघि बढाउनसमेत निर्देशन दिइएको छ । विमानस्थलहरूको विकास तथा विस्तारसम्बन्धी प्रक्रिया अघि बढेमा हवाई यातायातको पहुँच विस्तार, पर्यटन विकास तथा सम्बन्धित क्षेत्रको आर्थिक र सामाजिक विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## तिब्बती भाषा पढाउन भारत लैजाँदै गरेका २५ बालबालिकाको उद्धार

कञ्चनपुर । तिब्बती भाषा अध्ययनका लागि कञ्चनपुरको गड्डाचौकी नाका भएर भारतको देहरादुन लैजाँदै गरिएका २५ जना बालबालिकाको सीमा क्षेत्रबाट उद्धार गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर रावतले १० वर्षमुनिका २५ बालबालिकालाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नेपाल फर्काएको जानकारी दिनुभयो ।

"हुम्लाको सिमकोटका बालबालिकालाई वनबासास्थित एसएसबीको चेकपोस्टले नेपाल फर्काएको छ", उहाँले भन्नुभयो, "ती बालबालिका अहिले इलाका प्रहरी कार्यालय गड्डाचौकीमा छन् थप बुझ्ने काम भइरहेको छ ।" हुम्लाको सिमकोट गाउँपालिका-८ का बालबालिकालाई पञ्चविर बुढाले भारत लैजाँदै गरेका थिए । कञ्चनपुर प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको छ ।

## सूर्यविनायकलाई बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा



भक्तपुर । भक्तपुरको सूर्यविनायक नगरपालिकालाई बाल विवाहमुक्त, बालश्रममुक्त, सडक बालबालिका मुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गरिएको छ । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापाले बिहीबार सूर्यविनायक नगरपालिका भवनको प्राङ्गणमा आयोजित कार्यक्रममा उक्त घोषणा समारोहको उद्घाटन गर्नुभएको हो ।

सरकारले तयार पारेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले निर्धारण गरेका ५१ सूचक पूरा गरेसँगै सूर्यविनायकले आफ्ना १० वटै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अभियान सुरु गरेको नगर कार्यालयले जनाएको छ । बालमैत्री स्थानीय शासनका सूचकअन्तर्गत 'बाल बचाउ' शीर्षकमा १४ वटा सूचक छन् ।

यसमा गर्भवतीले सात पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने, धनुष्टङ्कार (टिटानस) विरुद्धको खोप र आइरन चक्की सेवन गरेको हुनुपर्ने, दक्ष स्वास्थ्य कर्मीबाट सुरक्षित सुत्केरी गराएको हुनुपर्ने तथा बालबालिकाले पूर्ण खोप पाएको हुनुपर्ने व्यवस्था रहेका छन् । त्यस्तै, 'बाल संरक्षण' शीर्षकमा १० वटा सूचक निर्धारण गरिएका छन् ।

यस अन्तर्गत बालविवाह पूर्ण रूपमा निषेध हुनुपर्ने, बालश्रममुक्त वडा हुनुपर्ने, बाल-बालिका विरुद्ध हुने शारीरिक, मानसिक तथा यौनजन्य हिंसा र दुर्व्यवहार रोकिएको हुनुपर्ने तथा सडक बालबालिका र बेवारिसे अवस्थामा रहेका बालबालिकाको संरक्षण र पुनःस्थापनाको व्यवस्था हुनुपर्ने प्रावधान छन् ।

बालविकासतर्फ छ वटा सूचक रहेका छन् । यसमा जन्मिएका सबै बालबालिकाको जन्मदर्ता भएको हुनुपर्ने, विद्यालय जाने उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भएको हुनुपर्ने, विद्यालय तथा समुदायमा बालमैत्री र लैङ्गिकमैत्री शौचालय तथा स्वच्छ खानेपानीको व्यवस्था हुनुपर्ने उल्लेख छ ।

यसैगरी, टोल, विद्यालय र वडास्तरमा बाल क्लब तथा बाल सञ्जाल गठन भई सक्रिय हुनुपर्ने र स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुनुपर्ने व्यवस्था गरिएको छ । नगरपालिकाले निर्धारित सूचक पूरा गरी सबै वडालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्ने लक्ष्यसहित अभियान अघि बढाएको सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले जनाउनुभयो ।

बाल-बालिका विरुद्ध हुने शारीरिक, मानसिक तथा यौनजन्य हिंसा र दुर्व्यवहार रोकिएको हुनुपर्ने तथा सडक बालबालिका र बेवारिसे अवस्थामा रहेका बालबालिकाको संरक्षण र पुनःस्थापनाको व्यवस्था हुनुपर्ने प्रावधान छन् ।

## दसैँमा नयाँ लुगा नलाइ चित्तै बुझ्दैन..



काठमाडौँ । बडादसैँलगायत चाडपर्व मनाउन काठमाडौँ उपत्यका बाहिर घर फर्कनेक्रमसँगै लत्ताकपडासहित घरायसी सामाग्री तथा उपहारका सामान खरिदका लागि मुख्य सहर र बजारमा उपभोक्ताको भीड लागेको छ ।

दसैं, तिहार र छठलगायत महत्वपूर्ण पर्व नजिकिएसँगै काठमाडौं उपत्यकाका बजारमा किनमेल गर्नेको भीडभाड बढेको हो ।

विगतमा भैँ अहिले काठमाडौंको मुख्य व्यापारिक क्षेत्र, सपिङ मल, डिपार्टमेन्टल स्टोर तथा स्थानीय पसलमा ग्राहकको आवागमन बढेको छ ।

रोजगारी, अध्ययन तथा विभिन्न कामको सिलसिलामा काठमाडौंमा बस्दै आएका मानिस चाडपर्व मनाउन घर फर्कने तयारीमा जुटेका छन् । नयाँ लुगा लगाउने रहरले गुल्मी घर भएकी जानकी ज्ञवालीलाई काठमाडौंको न्युरोडमा पुऱ्याएको छ ।

दसैंका लागि लत्ताकपडा खरिद दसैंमा बजारसम्म पुगेकी ज्ञवालीले भन्नुभयो, "दसैंमा नयाँ लुगा नलगाए चित्तै बुझ्दैन, सस्तो र राम्रो लुगा खोज्दै छु । दसैंको रमाइलो नै यही त हो ।"

काठमाडौँको बजारमा १०० देखि लाखौं मूल्यसम्मका सामग्री उपलब्ध हुने भएकाले उपभोक्ताले आफ्नो आर्थिक क्षमताअनुसार किनमेल गरिरहेको उहाँको अनुभव छ । "काठमाडौंमा गरिबदेखि धनीसम्म सबैले आफ्नो क्षमताअनुसार सामान किन्नसक्ने बजार छ । यो राम्रो पक्ष हो", ज्ञवालीले भन्नुभयो ।

चाडपर्व लक्षित छुट तथा विशेष अफरले पनि बजारमा उपभोक्तालाई आकर्षित गरेको छ । शङ्खमूल टावरमुनि कपडाको सेल बजार सञ्चालन गरिरहनुभएकी व्यापारी आन्सिका थापाले चिसो मौसम सुरु हुन लागेकाले जाडोमा लगाउने कपडा छुटमा बिक्री गरिरहेको बताउनुभयो ।

दसैं, तिहार र छठमा उपत्यका बाहिर जाने आफ्नो पसलका मुख्य ग्राहक रहेको उहाँको भनाइ छ । दसैंको घटस्थापनादेखि सुरु भएको व्यापार अष्टमीसम्म मानिसको चहलपहल हुने गरेको थापाले बताउनुभयो । चाडपर्वमा घरपरिवार र आफन्तका लागि कोसेली लैजाने चलनले पनि बजारमा किनमेल बढाएको छ । न्युरोडमा घर लैजान पुष्टकारी किन्दै गर्नुभएका डोटीका मोहन पनेरुले दसैंका लागि आवश्यक मसलासमेत काठमाडौं बाटै किनेर लैजाने गरेको बताउनुभयो ।

तुलनात्मक रुपमा सस्तो पर्ने भएकाले काठमाडौंबाटै किनेर लैजाने गरेको बताउनुभयो । गाउँघरमाभन्दा तुलनात्मक रुपमा सस्तो पर्ने भएकाले काठमाडौंबाटै सामान किन्ने गरेको उहाँको भनाइ छ । "मसला लगेपछि घरमा बाआमा खुसी हुनुहुन्छ, "दसैं आएको महसुस गर्नुहुन्छ", पनेरुले भन्नुभयो । यता, ललितपुरको लगनखेलस्थित मङ्गलबजारमा पनि चाडपर्व लक्षित किनमेल गर्नेको चहलपहल निकै बाक्लो छ । सामान्य अवस्थामा पनि व्यस्त रहने त्यस बजारमा अहिले ग्राहकको भीड थेगिनसक्नु छ । ललितपुरको मङ्गलबजारमा तीन दशकदेखि कपडा व्यापार गर्दै आउनुभएका घनश्याम रौनियारले यस वर्षको दसैंमा विगतको तुलनामा व्यापारिक उत्साह कम रहेको अनुभव सुनाउनुभयो ।

बाढी पहिरोलगायत विपद्को प्रभाव, बढ्दो महँगी र आर्थिक सङ्कटका कारण उपभोक्ताले खुलेर खर्च गर्न नसकेको उहाँको भनाइ छ ।

"सामानको मूल्य चर्को छ", उहाँले भन्नुभयो, "विशेष छुटमा राखेका सामानसमेत बिक्री गर्न चुनौती छ ।" चाडपर्वमा बजारमा चहलपहल बढे पनि उपभोक्ताको क्रयशक्ति र व्यवसायीको व्यापारिक अपेक्षाबीच तालमेल देखिन्न ।

## बजारक्षेत्रमा हुने मेला-महोत्सवका कारण भैरहवाको जनजीवन प्रभावित

भैरहवा । आसन्न चाडपर्वसँगै सडकचोक आसपासमा हुने मेला तथा महोत्सवका कारण भैरहवाको मुख्य बजार क्षेत्रको जनजीवन अस्तव्यस्त भई आमसर्वसाधारणले दुःख व्यहोर्नुपरेको छ ।

भैरहवामा स्थायी एवं व्यवस्थित महोत्सवस्थलको अभावमा सडक छेउछाउमा आयोजना हुने महोत्सव तथा मेलाका कारण सडक आवागमन अवरुद्ध भई स्थानीय बासिन्दासहित आम सर्वसाधारणले सास्ती व्यहोर्नु परेको नगरवासीको भनाइ छ । नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष कृष्णप्रसाद शर्माले स्थानीय सिद्धार्थ रङ्गशालामा क्रिकेट मैदान निर्माण भएपछि स्थान अभावका कारण अन्यत्र कार्यक्रम आयोजना गर्न बाध्य हुनुपरेको जानकारी दिँदै यसबाट स्वभाविक रुपमा भैरहवाको मुख्य बजार क्षेत्र प्रभावित हनुपुगेको बताउनुभयो । उहाँले सरोकार भएका स्थानीय वासी, उद्योगी-व्यावसायी तथा सुरक्षाकर्मीबीच समन्वय गरी मेला तथा महोत्सवका कारण सिर्जित समस्याको पहिचान सहित उचित किसिमको समाधानको उपाय खोज्न सकिने भएको धारणा व्यक्त गर्नुभयो

नेपाल उद्योग वाणिज्य महासङ्घ, लुम्बिनी प्रदेशका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले रुपन्देहीको बुटवलमा प्रदर्शनीस्थल भए पनि भैरहवामा नभएको बताउँदै स्थायी संरचना निर्माण प्रक्रिया अघि बढे त्यसमा साथ दिन निजी क्षेत्र तयार रहेको बताउनुभयो ।

यसैगरी, सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले व्यापार, पर्यटन र स्थानीय आर्थिक गतिविधिलाई प्रवर्द्धन गर्न महोत्सव तथा मेला आवश्यक भएको उल्लेख गर्दै औद्योगिक नगरी भैरहवामा स्थायी प्रदर्शनीकक्ष निर्माणका लागि सरकारको ध्यानाकर्षण गर्नुभयो ।

यसअघिजस्तै नेपाल उद्योग वाणिज्य महासङ्घ, सिद्धार्थ उद्योग वाणिज्य सङ्घसहित विभिन्न व्यापारिक तथा औद्योगिक प्रतिष्ठान तथा कलाकर्मीको मुख्य बजार क्षेत्रमा मेला तथा महोत्सव आयोजना गर्ने तयारी भइरहेको अवस्थामा स्थानीयवासीको तर्फबाट मुख्य बजार क्षेत्रभन्दा बाहिर कार्यक्रम आयोजना गरी शान्त र सुव्यवस्थित भैरहवाको पक्षमा साथ दिन सम्बद्ध पक्षसँग अनुरोध गरिएको छ ।

## ग्रिन युरिया प्लान्ट स्थापनाका लागि प्रस्ताव

काठमाडौँ । कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीको पहलमा मन्त्रालयले ग्रिन युरिया प्लान्ट स्थापनाका लागि अवधारणा, विस्तृत विवरण तथा कार्यान्वयनको ढाँचासम्बन्धी प्रस्ताव आह्वान गरेको छ ।

सरकारको लक्ष्य वार्षिक करिब पाँच लाख मेट्रिकटन क्षमताको प्लान्ट स्थापना गर्नु रहेको मन्त्री चौधरीले बताउनुभएको छ । उहाँका अनुसार भविष्यमा समेत आवश्यकता अनुसार यसको उत्पादन क्षमता थप विस्तार गर्न सकिनेछ ।

व्यावसायिक रूपमा हरित युरिया उत्पादन गर्ने उद्योग स्थापना गर्न इच्छुक कम्पनी, संयुक्त लगानी (ज्वाइन्ट भेन्चर) तथा कन्सोर्टियम सँग अवधारणा र कार्यविधिसम्बन्धी विस्तृत प्रस्ताव आह्वान गरेको छ । प्राप्त प्रस्तावहरूको मूल्याङ्कनबाट उपयुक्त प्रविधि, लगानीको ढाँचा, प्राविधिक चुनौती, तथा आर्थिक सम्भाव्यता र आवश्यक सरकारी सहुलियतबारे स्पष्टता प्राप्त हुनेछ । इच्छुक कम्पनी तथा लगानीकर्ताले मन्त्रालयको आधिकारिक वेबसाइट www.moafe.gov.np बाट अवधारणा तथा कार्यवधिसम्बन्धी विस्तृत विवरण प्राप्त गर्न सक्नेछन् । आवेदकले आफ्नो प्रस्ताव आगामी मङ्सिर १३ गते साँझ ५:०० बजेसम्म मन्त्रालयमा भौतिक रूपमा बुझाउन वा greenurea @moafe.gov.np इमेलमार्फत पठाउन सक्ने मन्त्रालयले कार्यक्रम का बिच जनाएको छ ।

# विद्युतीय तारः वन्यजन्तुका लागि जोखिम

नारायणगढ । चितवन राष्ट्रिय निकुञ्जभित्र रहेका संरचनामा जडान गरिएका विद्युतीय तार वन्यजन्तुका लागि जोखिमपूर्ण बनेका छन् ।

विद्युतीय तारमा परेर हात्ती, गैँडालगायतका वन्यजन्तुले अनाहकमा ज्यान गुमाएका कारण विद्युतीय तार वन्यजन्तुका लागि अभिसाप बन्दै गएको छ ।

निकुञ्जका सूचना अधिकारी अविनाश मगरले विसं २०६४ देखि हालसम्म निकुञ्ज भित्र र बाहिरी मध्यवर्ती क्षेत्रमा करेन्ट लागेर दुई हात्ती, पाँच गैँडा र एक चितुवाको मृत्यु भइसकेको जानकारी दिनुभयो । तीमध्ये दुई हात्ती र एक गैँडा निकुञ्ज कार्यालय तथा नेपाली सेनाका संरचनामा जडान गरिएका बिजुलीका तारमा परेर मरेका हुन् । हात्ती प्रजनन केन्द्र खोरसोर, सौराहामा प्राकृतिक प्रजननमार्फत ३३ वटा छावा जन्माउन सहयोग गरेको रोनाल्डो नामको जङ्गली भाले हात्ती गत असोज ३ गते विद्युतीय तारमा परेर मरेको थियो ।

बरन्डाभार वनक्षेत्रको कुमाल ताल नजिकै चितवन राष्ट्रिय निकुञ्जको सुरक्षार्थ राखिएको नेपाली सेनाको पोस्टमा लगिएको बिजुलीको तारमा परेर रोनाल्डो मरेको हो ।

यसअघि २०६४ साल असोज २८ गते सौराहास्थित हात्ती प्रजनन केन्द्रमा रोमियो नामको जङ्गली भाले हात्ती पनि विद्युतीय तारबारमा करेन्ट लागेर मरेको थियो ।

त्यसैगरी, २०७५ साल कात्तिक १५ गते हात्तीका लागि निर्माण गरिएको 'चेन फ्री कोरल'मा जडान गरिएको विद्युतीय तारमा परेर गैँडा मरेको थियो । उक्त गैँडा गोलाघाटबाट उद्धार गरी सौराहामा हुर्काइएको थियो ।

निकुञ्जको मध्यभागमा रहेको कसरामा निकुञ्जको मुख्यालय, निकुञ्ज सुरक्षाका लागि तैनाथ नेपाली सेनाको नयाँ गोरख गणको मुख्यालय, सेनाकै श्री प्रकृति संरक्षण शिक्षालयलगायत निकुञ्ज सँग सम्बन्धित कार्यालय छन् । ती संरचनामा विद्युत् आपूर्तिका लागि निकुञ्ज बाहिर करिब दुई किलोमिटर टाढा घैलाघारीबाट तार तानेर जडान गरिएको छ ।

सूचना अधिकारी मगरका अनुसार निकुञ्जभित्र विद्युत्का खम्बा माथिबाटै तार तानिएको छ । निकुञ्जमा रहेका ५८ वटा निकुञ्ज तथा सेनाका पोस्टमध्ये ३९ वटामा विद्युत् जडान गरिएको छ । ती पोस्टमा कतै नाङ्गो तार त कतै आवरणयुक्त विद्युत् तार प्रयोग गरिएको निकुञ्जले जनाएको छ ।

निकुञ्जभित्रका संरचनामा जडान गरिएका विद्युत्का तारमा परेर मात्र नभई आसपासका क्षेत्रमा लगाइएका विद्युतीय धराप तथा अन्य संरचनामा परेर पनि वन्य जन्तुको मृत्यु हुने गरेको छ । उपलब्ध विवरणअनुसार २०७३ साल साउन २४ गते मेघौलीस्थित होटल मेघौली सेराइको पछाडि राप्ती नदी किनारमा फलामको प्लेटफर्म बनाउने क्रममा खुला रहेको तारमा करेन्ट लागेर एक पोथी गैँडाको मृत्यु भएको थियो ।

विसं २०७९ असोज २७ गते मङ्गलपुरबाट उद्धार गरी कुमरोज मध्यवर्ती सामुदायिक वनमा छाडिएको 'मङ्गलपुरे' नामको वयस्क भाले गैँडा खैरहनी-१३ मा घिरौँलाको झालमा रहेको विद्युतीय तार टोक्दा करेन्ट लागेर मरेको थियो ।

विसं २०८१ साल साउन ८ गते भरतपुर महानगरपालिका-१६, भगोडीस्थित स्थानीयको मकैबारीमा बाली जोगाउन थापिएको विद्युतीय धरापमा परी एक पोथी गैँडाको मृत्यु भएको थियो ।

विसं २०८२ साउन २१ गते माडी नगरपालिका-१, अमलियामा धानबालीको सुरक्षाका लागि थापिएको विद्युतीय धरापमा परी एक भाले गैँडाको मृत्यु भएको थियो ।

यसैगरी, २०७५ साल चैत १० गते जगतपुरस्थित होटल टाइगल्याण्डको सेफ्टी ट्याङ्कमा परेर एक वयस्क पोथी गैँडाको मृत्यु भएको थियो भने २०७८ साल माघ ९ गते गोन्द्राङमा सडक विस्तारका क्रममा सडक छेउको खाल्डोमा परेर एक वयस्क भाले गैँडाको मृत्यु भएको थियो ।

# शिक्षा मन्त्रालयद्वारा बजेट कार्यान्वयन र नीतिगत सुधारका लागि सातै प्रदेशमा कार्यशाला

काठमाडौँ । शिक्षा तथा खेलकुद मन्त्रालयले वार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सातै प्रदेशमा तीनदिने अभिमुखीकरण तथा कार्यशाला गोष्ठी सम्पन्न गरेको छ ।

सरकारद्वारा सञ्चालित शिक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने तथा विद्यालय शिक्षा ऐनलाई व्यावहारिक, समयसापेक्ष र विद्यार्थीकेन्द्रित बनाउने उद्देश्यले मन्त्रालयले शिक्षा क्षेत्रका सरोकारवालासँग शिक्षा संवाद तथा कार्यशाला सञ्चालन गरेको हो ।

बजेटमार्फत अघि सारिएका शिक्षा क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक कार्यविधि निर्माण, बजेट खर्चको अवस्था र शैक्षिक गुणस्तर सुधारका विषयमा कार्यशालामा छलफल गरिएको थियो ।

सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशमा सम्पन्न भइसकेको कार्यशाला बुधबार मधेस प्रदेशमा सम्पन्न भएको हो । कार्यशालामा शिक्षा तथा खेलकुदमन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाको विशेष उपस्थिति थियो ।

तीन दिनसम्म सञ्चालन भएको कार्यक्रममा सङ्घीय शिक्षा तथा खेलकुद मन्त्रालयका उच्च अधिकारी, शिक्षा विभागका प्रतिनिधि तथा जिल्ला समन्वय समिति, शिक्षा विकास तथा समन्वय इकाइ र प्रदेशका सम्पूर्ण स्थानीय तहका शिक्षा प्रमुखको सहभागिता थियो । प्रमुख सल्लाहकार झाले सरकारले अघि सारेका शिक्षा नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षा शाखा प्रमुखको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । उहाँले शैक्षिक गुणस्तर सुधारका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य आवश्यक रहेकामा जोड दिनुभयो ।

प्रमुख सल्लाहकार झाका अनुसार गत वर्षको बजेट कार्यान्वयनका सिकाइ, सबल पक्ष, चुनौती र कमजोरीको समीक्षा गर्दै बजेटका कार्यक्रमलाई कसरी चुस्त रूपमा कार्यान्वयन गर्ने भन्ने विषयमा घनिभूत छलफल भएको छ । सङ्घीय सांसद सरिता महतोले समावेशी शिक्षा, बौद्धिक अपाङ्गता भएकाको सातै प्रदेशमा 'रिसोर्स र रिसर्च डेभलपमेन्ट'मा काम गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले शिक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तीन तहका सरकारबीच बलियो समन्वय र सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो । मन्त्रालयले सङ्घबाट विनियोजित कुल बजेटको झण्डै ७० प्रतिशत रकम स्थानीय तहमा सिधा पठाउने गरेको छ । पहुँचका आधारमा एउटै विद्यालय मा पटक-पटक भवन बन्ने र आवश्यकता भएका ठाउँमा भवन नै नहुने जस्ता बेथिति रोक्न मन्त्रालयले देशभर 'इन्फ्रास्ट्रक्चर एसेसमेन्ट' (पूर्वाधार मूल्याङ्कन) सुरु गरेको छ । अब विद्यार्थी सङ्ख्या, जन्मदर, भौगोलिक क्लस्टर र गुणस्तरीय शिक्षाको सुनिश्चिततालाई हेरेर मात्र स्थानीय, प्रदेश र सङ्घको समन्वयमा पूर्वाधार विकासका लागि बजेट विनियोजन गरिनेछ । यसका साथै बौद्धिक अपाङ्गता भएका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने र शिक्षक तालिममा प्रदेश सरकारलाई थप जवाफदेही बनाउने योजना मन्त्रालयको छ ।

हाल कुल बजेटको २८ प्रतिशत उच्च शिक्षा (सङ्घ), ७० प्रतिशत स्थानीय तह र मात्र दुई प्रतिशत प्रदेशमा जाने परिपाटी रहेकामा आगामी बजेटमा प्रदेशको बजेट हिस्सा बढाउने तयारी मन्त्रालयको छ । सङ्घ र प्राविधिक तथा व्यावसायिक शिक्षा, प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने भएकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्वामित्व र नेतृत्व पूर्ण रूपमा प्रदेश सरकारलाई हस्तारन्तरण गर्ने गरी ऐन निर्माणको काम भइरहेको सल्लाहकार झाले स्पष्ट पार्नुभयो । मन्त्रालयले शिक्षा क्षेत्रका नीतिगत तथा कानुनी समस्या समाधानका लागि काम गरिरहेको जनाउँदै शिक्षा नियमावलीको एघारौँ संशोधनको तयारी भइरहेको पनि कार्यक्रममा जानकारी समेत दिइएको थियो ।

# भोटेकोशी बाढीः दसैं आयो तर आमाबुवा आउनुभएन

बाँके । पछिल्लो केही दिनयता गाँउघरमा दसैँको चहलपहल र उल्लास बढेको छ । प्रत्येक घरआँगन सरसफाइ र रङरोगन गरी चिटिक्क पारिएको छ । वर्षभरि टाढा रहेका आफन्त मान्यजनको हातबाट टीका र जमरा थाप्न गाउँघर फर्किरहेका छन् ।

नेपालगञ्ज-२० मनिकापुर थपुवाका १६ वर्षीय सुभास नेपाली, उनका ११ वर्षीय भाइ अश्विन र नौ वर्षीया बहिनी स्मारिकाका लागि भने यस वर्षको दसैँ खुसी होइन आँसु र पिरलो बोकेर आएको छ ।

आमाबुवा आराम दमाईं र उजना दमाईं भोटेकोशीको बाढीमा बेपत्ता भएको आज ५० दिन पुगिसकेको छ । सबैका घरमा आमाबुवाको हातबाट टीका लगाउने र मीठोमसिनो खाने चटारो हुँदा ती तीन कलिला बालबालिका भने आमाबुवा फर्किने आशा र निराशामा दिन बिताइरहेका छन् ।

"आमाबुवा फर्किएर आउने आशामा बसेको दुई महिना हुन लाग्यो, केही अत्तोपत्तो भएन । दसैँ आयो, आमाबुवा आउनुभएन", जेठा छोरा सुभास भक्कानिँदै भन्नुभयो, "बाढीले आमाबुवालाई बेपत्ता बनाएपछि हामी पूरै सहाराविहीन भयौँ । दसैँ आउँदा आमाबुवाको झन धेरै यादले सताइरहेको छ ।"

नेपालीको महान् पर्व बडादसैँ घरआँगनमा आइपुगेको छ तर, बाढीमा परी बेपत्ता आराम दमाईं र उजना दमाईं हालसम्म पनि नफर्किदा सहाराविहीन उहाँका छोराछोरीमा निराश छन् । मूल थलो बाजुराको हिमाली गाउँपालिकाबाट नेपालगञ्जको मनिकापुरस्थित थपुवामा बसाइँ सरेका आराम दमाईं र उजना दमाईंका लागि हन्डर र सङ्घर्ष नयाँ कुरा थिएनन् । तर, आफ्ना सन्तानले आफूले जस्तै अभाव र दुःख भोग्न नपरोस् भनेर उनीले एउटा ठूलो र सुन्दर सपना बुनेका थिए, छोराछोरीलाई काठमाडौँमा राखेर राम्रो शिक्षा दिने ।

नेपालगञ्जमा सोचेजस्तो रोजगारी नपाएपछि यो दम्पती रसुवा भन्सार कार्यालयको टिमुरेस्थित पार्किङमा मजदुरी गर्न पुगेको थियो । दिनरात पसिना बगाएर कमाएको रकमले काठमाडौँमा कक्षा ९ मा पढ्ने सुभास, कक्षा ६ मा पढ्ने अश्विन र कक्षा ४ मा पढ्ने सानी बहिनी स्मारिकाको उज्ज्वल भविष्यको जग बसिरहेको थियो ।

"आमा-बुवाले रसुवाबाट दुःख गरेर पैसा पठाइदिनुहुन्थ्यो, हामी यहाँ ढुक्कले पढ्थ्यौँ", छोरा सुभासले भन्नुभयो, "अहिले बाढीले दुवै जनालाई बेपत्ता बनाएको छ, हामी सहाराविहीन भयौँ । अब हाम्रो टाउकोमा हात राख्ने कोही छैन ।" यो शोक केवल एउटा घरमा मात्र सीमित छैन । उक्त बाढीमा परी थपुवा गाउँका शेरसिंह रोकाय, विष्णुमती रोकाय र दीपक रोकाय पनि बेपत्ता छन् । नेपालगञ्ज उपमहानगरपालिका-२० कार्यवाहक वडाध्यक्ष चक्रबहादुर बुढाले बेपत्ता व्यक्तिहरुको खोजीकार्य र बेपत्ता व्यक्तिका परिवारलाई आवश्यक सहयोग र समन्वयका लागि आफूहरुले काम गर्दै आएको जानकारी दिनुभयो ।

बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङका अनुसार, रसुवाबाढीपछि बाँकेका २३ व्यक्ति हालसम्म पनि बेपत्ता छन् ।

# भदौमा दुई खर्ब २१ अर्ब विप्रेषण भित्रियो

काठमाडौँ । चालु आवको भदौ महिनामा रु दुई खर्ब २१ अर्ब ३१ करोड विप्रेषण भित्रिएको छ । नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८३/०८४ को दुई महिनाको तथ्याङ्कमा आधारित 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति' प्रतिवेदनमा अघिल्लो आवको भदौ महिनामा विप्रेषण आप्रवाह रु एक खर्ब ७४ अर्ब ६७ करोड रहेको उल्लेख छ ।

चालु आवको दुई महिना (साउन र भदौ) मा विप्रेषण आप्रवाह २३ दशमलव नौ प्रतिशतले वृद्धि भएको छ । दुई महिनामा रु चार खर्ब ३६ अर्ब ३६ करोड विप्रेषण भित्रिएको छ ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३३ दशमलव एक प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३ दशमलव पाँच प्रतिशतले वृद्धि भई दुई अर्ब ८५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह २७ दशमलव छ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु चार खर्ब ६९ अर्ब ४४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु तीन खर्ब ८४ अर्ब ८८ करोड रहेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालको सङ्ख्या ७८ हजार ३२० र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ५१ हजार १३६ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः ९० हजार १९८ र ४५ हजार ८८४ थियो ।

# सुदूरपश्चिम विश्वविद्यालयका पाँच संकायमा डीन नियुक्त

महेन्द्रनगर । सुदूरपश्चिम विश्व विद्यालयले रिक्त रहेका विभिन्न सङ्कायका डीन, केन्द्रका निर्देशक तथा केन्द्रीय क्याम्पसको प्रिन्सिपल लगायत पदाधिकारी नियुक्त गरेको छ ।

कञ्चनपुरको महेन्द्रनगर स्थित सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय कार्यालयअन्तर्गत पदाधिकारी सिफारिस समितिले सूचना जारी गर्दै दश दिनभित्र नौ सङ्कायका लागि डीन, केन्द्रीय क्याम्पसका लागि प्राचार्य तथा भाषा, साहित्य तथा संस्कृति केन्द्र र अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रका लागि निर्देशक पदका लागि असोज पहिलो साता आवेदन खुला गरेको थियो । विश्वविद्यालय कार्यकारी परिषद्को बुधबारको पदाधिकारी सिफारिस समितिको सिफारिसका आधारमा खुला प्रतिस्पर्धा र छनोटका विभिन्न चरणपछि यहाँ पाँच सङ्कायका डीनसहित पदाधिकारी नियुक्त गरिएको सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय कार्यालयका सूचना अधिकारी नवीन बमले जानकारी दिनुभयो । उहाँका अनुसार विश्वविद्यालयको व्यवस्थापन सङ्कायको डिनमा प्रा डा शिवप्रसाद सापकोटा, शिक्षाशास्त्र सङ्कायमा प्रा डा नाथुराम चौधरी, विज्ञान तथा प्रविधि सङ्कायमा प्रा डा प्रेमसिंह साउद, स्वास्थ्य विज्ञान सङ्कायमा प्रा डा डबलबहादुर धामी र मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा प्रा डा राजेन्द्रप्रसाद भट्टलाई नियुक्त गरिएको छ ।

त्यसैगरी, विश्विद्यालयको अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रको निर्देशकमा प्रा डा महेन्द्रराज जोशी, भाषा साहित्य तथा संस्कृति केन्द्रको निर्देशक प्रा डा हरिशचन्द्र भट्ट र विश्विद्यालयको केन्द्रीय क्याम्पस (प्रिन्सिपल)मा डा दीपकचन्द्र भट्टलाई नियुक्त गरिएको विश्वविद्यालयले जनाएको छ ।

# अरुण नदीको सतिघाटमा फेरी सञ्चालन

भोजपुर । भोजपुर र सङ्खुवासभालाई जोड्ने अरुण नदीको सतिघाटमा 'फेरी' सेवा सञ्चालन भएसँगै नदी वारपार गर्न सहज हुने भएको छ । यसअघि पक्की पुल नहुँदा आवागमनमा समस्या हुँदै आएकामा पाँच महिनापछि फेरीमा सेवा सञ्चालनमा आएको हो । दसैँ, तिहारमा आवागमन सहज बनाउने उद्देश्यले पाँच महिनापछि सेवा सञ्चालनमा आएको हो ।

बर्सातका कारण गत जेठदेखि बन्द रहेको सतिघाटखण्ड बुधबारदेखि फेरी सञ्चालनमा आएपछि भोजपुरको उत्तरी क्षेत्रका नागरिकलाई आवतजावतमा सहज भएको छ । दसैँ, तिहारलगायत चाडपर्वलाई लक्षित गरी सतिघाटमा हलुका सवारीसाधनलाई नदी वारपार गर्न मिल्ने गरी सेवा सञ्चालनमा ल्याइएको षडानन्द नगरपालिकाका प्रमुख सुरेन्द्रकुमार उदासले बताउनुभयो ।

अरुण नदीको सतिघाटमा पक्की पुल नहुँदा भोजपुर र सङ्खुवासभाका नागरिकलाई आवागमनमा समस्या हुँदै आएको थियो । सेवा सञ्चालनमा आएसँगै उत्तरी क्षेत्रका नागरिकलाई दैनिक उपभोग्य सामग्री ओसारपसार गर्न तथा आवतजावत गर्न सहज हुने उहाँको भनाइ छ ।

आवागमन सञ्चालनमा आएपछि षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकाका नागरिकलाई राहत पुगेको छ । सतिघाटमा पक्की पुल निर्माण नहुँदा सवारीसाधन, यात्रु तथा दैनिक उपभोग्य वस्तु नदी वारपार गराउन फेरीमा निर्भर हुनुपर्ने अवस्था छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा–३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०–५२१४३०, ०१०–५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com